JOIN IELTS
MORNING | DAY | EVENING
CLASSES
APPLY TO STUDY IN
AUSTRALIA & NEW ZEALAND
BEACON
Premier International Education
Siddhartha Chowk Pokhara

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ८६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७७ चैत २७ गते शुक्रबार ❑ 9 April 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## पत्रकार महासंघ कास्कीमा पहिलो महिला नेतृत्व विजयी

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ चैत**

कास्कीमा पहिलो पटक महिला नेतृत्व विजयी भएकी छन्। यही चैत २५ गते नेपाल पत्रकार महासंघ कास्कीको सम्पन्न निर्वाचनमा ५३ मत अन्तरले पराजित गर्दै विमला भण्डारी विजयी भएकी हुन्। पत्रकार महासंघमा पहिलो पटक महिला अध्यक्ष निर्वाचित भएकी हुन् ।

प्रेस संगठन र प्रेस यूनियको संयुक्त प्यानलबाट उमेदवारी दिएकी भण्डारीले १ सय ७४ मत ल्याउदै विजयी भएकी हुन् । प्रेस चौतारी सहितको केही संगठनको संयुक्त प्यानलबाट उमेदवारी दिएका केशवशरण लामिछानेले १ सय २१ मत ल्याएका थिए । भण्डारी यस अघि कास्कीको उपाध्यक्ष पदमा रहेकी थिइन भने लामिछाने पूर्व सदस्य हुन् । त्यसैगरी उपाध्यक्षमा रामप्रसाद तिमिल्सिनाले १ सय ७२ मत ल्याएर विजयी भएका छन् । उनले प्रेस चौतारीका अर्जुन



गिरीलाई ५० मतान्तरले पराजित गरेका हुन् । महिला उपाध्यक्षमा जमुना शर्मा बर्षा (१ सय ५१) मत ल्याएर निर्वाचित भईन भने उनकी प्रतिद्धन्दी रविना आलेले ८ मत कम ल्याइन् ।

त्यस्तै सचिवमा माधव बराल ले १ सय ५५ मत ल्याउदै विजयी भए भने उनका प्रतिष्प्रर्धी दीपक परियारले भने १ सउय ४१ मत ल्याएका थिए । सहसचिव समावेशीमा रेम बिक (१६८), सहसचिवमा श्रीराम सिग्देल (१७७), कोषाध्यक्षमा कृष्ण दवाडी (१७७), महिला सदस्यमा सपना अधिकारी (१४८), दलित सदस्यमा बिजय नेपाली (१५६), आदिवासी जनजाति सदस्यमा पदम श्रेष्ठ (१५७), समावेशी सदस्यमा जैनव खातुन (१८३) र खुल्ला सदस्यमा कन्चन थापाले १३० मत पाएर विजयी भएका छन् ।

त्यसैगरी खुल्ला सदस्यमा गीताराना मगर (१२९), धनबहादुर गुरुङ (१५२), प्रभु अधिकारी (१२८), शिवराज बस्ताकोटी (१२८),सन्तोष बस्याल (१२४), सन्तोष सुवेदी (१२९), युवराज गुरुङ(१३१) र हरी पन्त (१३५) मत पाएर विजयी भएका छन् ।

त्यस्तै आदिवासी जनजाति तर्फको राष्ट्रिय परिषद् सदस्यमा राज बहादुर गुरुङले १६३ मत पाएर विजयी भएका छन् । त्यस्तै राष्ट्रिय परिषद् सदस्यमा आरजु बिष्ट सल्यानी (१२६), कमल पौडेल अथक (१५०), गंगाधर पराजुली (१२६) र श्यामनाथ कुवरले १४२ मत पाएर विजयी भएका छन् । कास्कीमा ३ सय १२ मतदाता मध्ये ३०५ जनाले मतदान गरेका निर्वाचन कमिटिका संयोजक बद्रीविनोद प्रतिकले बताए।

## पत्रकार महासंघ गण्डकीको अध्यक्षमा शर्मा विजयी

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ चैत**

नेपाल पत्रकार महासंघ गण्डकी प्रदेशमा नारायणप्रसाद शर्मा १ सय २४ मत अन्तरले निर्वाचित भएका छन् ।

प्रेस यूनियन र प्रेस संगठनको संयुक्त प्यानलबाट चुनावी मैदानमा उर्त्रिएका शर्माले प्रेस चौतारी सहितका संगठनहरुको संयुक्त प्यानलबाट प्रतिष्प्रर्धामा आएका दीपेन्द्र श्रेष्ठलाई १ सय २४ मत अन्तरले पराजित गर्दै विजयी भएका हुन्। बुधबार भएको निर्वाचनको बिहीबार भएको मतगणनामा शर्माले प्रदेशका ११ जिल्लाबाट ५ सय ३८ मत प्राप्त गरेका थिए । श्रेष्ठले ४ सय १४ मत प्राप्त गरेको निर्वाचन समितिले जनाएको छ । यस अघि शर्मा महासंघ प्रदेशमा उपाध्यक्ष थिए भने श्रेष्ठ पत्रकार महासंघ कास्कीको अध्यक्ष थिए।

यस्तै उपाध्यक्षमा ५ सय २२ मत ल्याउदै दीपक भट्टराई विजयी भए। भट्टराईका प्रत्यासी इन्द्रप्रसाद पौडेलले ४ सय ८ प्राप्त गरेको निर्वाचन समितिका कोमलनाथ बराालले जनाए । उपाध्यक्ष महिलामा सोनी शर्माले शान्ति गुरुङलाई १ सय ६८ मत अन्तरले



पराजित गरिन्। सोनीले ५ सय ५२ मत प्राप्त गर्दा गुरुङको पक्षमा ३ सय ८४ मत परेको छ।

महासचिवमा गोविन्दप्रसाद सुवेदी भारी मतले बिजयी भए। उनले ५ सय ७३ मत ल्याउँदै विजयी हुँदा उनका प्रत्यासी दिल श्रीषले ३ सय ७६ मत प्राप्त गरे।

खुला सचिवमा यदुनाथ बञ्जारा विजयी भए । उनले ५ सय ९२ मत ल्याए भने प्रकाशचन्द्र भट्टराईले ३ सय ४३ ल्याए । समावेशी सचिवमा सुशीलबाबु श्रेष्ठ कैलास ५ सय २४ मत ल्याउँदै निर्वाचित हुँदा उनका प्रत्यासी रुद्र श्रीष मगरले ४ सय १० ल्याएका छन्।

कोषाध्यक्षमा राजेन्द्र न्यौपानेले ४ सय ५३ मत ल्याउँदै निर्वाचित हुँदा उनका निकटतम् प्रतिद्वन्द्वी शालिकराम कोइरालाले २ सय ७७ र स्वतन्त्र उमेदवार सागरराज तिमिल्सिनाले २ सय ५ मत प्राप्त गरेका छन्। खुला ७ सदस्यमा प्रदीप पौडेल ६६७, सुनिल पाण्डे ६२६, ताराप्रसाद शर्मा ६०९, परशुराम शर्मा आचार्य ६०६, प्रकाश डोटेल ६०५, लोकेन्द्रबहादुर सुनार ५३४ र रमेश बस्ताकोटी ५३२ निर्वाचित भए । सदस्यमै भीमपाणि बराल ४१८, सूर्यप्रसाद बास्तोला ३८९ र कृष्ण कँडेल ४०८ पराजित भए।

महिला ३ सदस्यमा रञ्जिता शर्मा ५५५, राधिका शर्मा कँडेल ६१८ र रोशन गुरुङ ५६९ निर्वाचित हुँदा कविता श्रेष्ठ ४१९ र स्मीता अधिकारी ३७२ पराजित भए।

दलित सदस्यमा सानेबहादुर नेपाली (कोइराला) ५२० मत ल्याउँदै निर्वाचित भए । दलित सदस्यमा रविना बोहरा ३९० पराजित भइन् । आदिवासी जनजाति २ सदस्यमा रुद्रबहादुर थापा ५७० र रामजी राना ५४९ निर्वाचित भए। जनक श्रेष्ठ २८९ र विनाकुमारी थापा विनु ३७७ पराजित भए । सदस्य अल्पसंख्यकमा पदम छन्त्याल ५५४ निर्वाचित भए । उनका प्रत्यासी श्रीकान्त सापकोटाले ३६२ मत ल्याए । प्रदेशमा २१ सदस्यीय कार्यसमितिको लागि एकैपटक निर्वाचन भएको हो।

## प्रतिकूल मौसमले चार दिनदेखि उडान प्रभावित

**रासस**
**काठमाडौं, २६ चैत**

प्रतिकूल मौसमका कारण त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आन्तरिकतर्फ विगत चार दिन केही मात्रामा उडान प्रभावित भएको छ । मौसम खराबीले अन्तर्राष्ट्रिय उडान नियमित भए पनि आन्तरिक उडान प्रभावित भएको विमानस्थल कार्यालयले जनाएको छ।

विमानस्थलका महाप्रबन्धक प्रतापबाबु तिवारीले आन्तरिक उडान केही सङ्ख्यामा प्रभावित भएको जानकारी दिनुभयो। विमानस्थलबाट विभिन्न गन्तव्यमा हुने उडान थोरै सङ्ख्यामा रद्द भएको छ। यान्त्रिक पद्धति (आइएफआर) बाट रात्रिकालीन उडानयोग्य विमानस्थलमा उडान गरिए पनि पोखरा, जनकपुर, सिमरालगायत गन्तव्यको उडान प्रभावित भएको छ।

अघिल्लो एक साता मौसम खराबीले उडान रद्द भएको अन्तर ष्ट्रिय विमानस्थलमा पुनः गत चैत २३ गते मङ्गलबारदेखि उडान प्रभावित भएको हो । काठमाडौं उपत्यकासहित देशभरको आकाशमा बाक्लो धुवाँसहितको तुवाँलो लागेकाले भिजीबिलिटी कम हुँदा खासगरी आन्तरिक उडान प्रभावित बनेको छ । अन्तर्राष्ट्रिय विमानस्थलको तथ्याङ्कअनुसार आन्तरिक उडानमा बुधबार विभिन्न एयरलाइन्सका जम्मा ११२ उडानमध्ये ९५ मात्रै उडान भए। बाह्र उडान रद्द हुनका साथै पाँच उडान मर्ज गरिएको थियो । यी उडानबाट प्रस्थान र आवागमन दुवै गरी नौ हजार ८२४ यात्रुले हवाईयात्रा गरेका छन् । बुद्ध एयरको सात, यती एयरलाइन्सको चार र सीता एयरको एक उडान रद्द भएको छ । यस्तै गत मङ्गलबार आन्तरिकतर्फ ११८ उडान निर्धारण गरिएकामा जम्मा ८८ उडान भए। २८ उडान रद्द भएका छन्। बुद्ध एयरको १५, यती एयरलाइन्सको छ, समिट एयरको तीन, सौर्य एयरलाइन्सको दुई तथा तारा एयरको समान एक-एक उडान भएका छन्। सबै उडानमार्फत आठ हजार ६८७ यात्रु आवतजावत गरेका छन्।

अघिल्लो सोमबार सर्वाधिक ३० उडान रद्द भएका छन् । उक्त दिन जम्मा १२२ उडान निर्धारण गरिएकामा ९१ मात्रै उडान भएको छ । बुद्धएयरको १७, यती एयरलाइन्सको नौ, ताराएयरको दुई तथा श्री एयरलाइन्स र सीताएयरको समान एक-एक उडान रद्द भएको विमानस्थल कार्यालयले जनाएको छ । तीनदिन मौसम खराबी रहे पनि तुलनात्मकरूपमा बिहीबार

बाँकी अन्तिम पृष्ठमा ▶▶

## भानुका कर्मचारीको आन्दोलन फिर्ता

**पोखरापत्र संवाददाता**
**दमौली, २६ चैत**

तनहुँको भानु नगरपालिकाका कर्मचारीले आन्दोलन फिर्ता लिएका छन् ।

कार्यालयको काममा खटिरहेको बेला जनप्रतिनिधिको रोहवरमा केही व्यक्तिले कार्यालयको सामान चोरी गरेको भुटो आरोप लगाएपछि नगरपालिकाका कर्मचारीले कामकाज बन्द गरेकामा नगरपालिकाबाट गठित वार्ता टोलीसँग सहमति भएपछि कर्मचारीले आजबाट आन्दोलन फिर्ता लिएका हुन् । आन्दोलनरत कर्मचारी र गठित वार्ता समितिबीच भएको वार्ताबाट कर्मचारीको माग सम्बोधन गर्नेतर्फ नगर कार्यपालिकाको आकस्मिक बैठकबाट प्रक्रिया अगाडि बढेकाले आन्दोलन फिर्ता लिइएको कर्मचारीका तर्फबाट जारी गरिएको विज्ञप्तिमा उल्लेख छ।

कर्मचारीमाथि चोरीको आरोप लगाई गरिएको मुचुल्का भुटा ठहर गरी बदरसमेत गरिएको पत्र सम्बन्धित सुरक्षा निकायबाट प्राप्त भएको र कर्मचारीका लागि शान्ति, सुरक्षाका साथ उच्च मनोबलसहित काम गर्ने वातावरण निर्माण गर्नका लागि प्रशासन कार्यालयबाट प्रतिबद्धता प्राप्त भएको विज्ञप्तिमा उल्लेख छ । नगरप्रमुख उदयराज गौलीले नगरपालिकामा कार्यरत सम्पूर्ण कर्मचारीको सुरक्षाको प्रत्याभूति गर्दै भयरहित ढङ्गले उच्च मनोबलका साथ काम गर्ने वातावरण निर्माणमा नगरपालिकाका प्रतिबद्ध रहेको बताए। "नगरपालिकाको निर्देशनमा कर्तव्यमा खटिएका कर्मचारीमाथि चोरीको आरोप लगाई कर्मचारीलाई भयभित बनाई उनीहरूको मनोबल गिराउन गरिएको उक्त अमर्यादित, अमानवीय र निन्दनीय कार्यप्रति दुःख व्यक्त गर्दछौं", नगरप्रमुख गौलीले भने।

## लप्सीबोट सामुदायिक होमस्टेमा सचेतना कार्यक्रम सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ चैत**

पर्यटन ब्यवसायी महिला संघ नेपाल (टेवान) को आयोजना तथा नेपाल पर्यटन बोर्डको प्रवर्दनमा मोदी गाउँपालिका वडा नम्वर १ स्थित लप्सीबोट सामुदायिक होमस्टे (घरवास) संचालकलाई सचेतना कार्यक्रम सम्पन्न भएको छ।

दिगो पर्यटनका लागि समान सहभागिता भन्ने मुलनाराका साथ आयोजित सचेतना कार्यक्रमको उदघाटन गर्दै पर्वतका प्रमुख जिल्ला अधिकारी देवी पाण्डे क्षेत्री होमस्टेमा वास्तमै घरमा जस्तै सेवा सुविधा सहितको खानपान हुनुपर्ने बताइन । उनले होमस्टेमा स्थानीय उत्पादन प्रयोगलाई जोड दिनुपर्ने बताउँदै घरायसी मादकपदार्थ स्थानीय उत्पादन भए पनि यसको प्रयोग जथाभावी रुपमा गर्न नहुने बताइन। साथै उनले सरकारलाई कर तिरेर व्यसाय संचालन गर्न प्रोत्साहित गर्दै सरकारले दिने अनुदान, सहयोग लिन पनि अनुरोध गरिन। कार्यक्रममा संस्थाका सल्लाहकार तथा




पर्यटनविद् श्रीकान्त खतिवडाले महिलाहरुद्धारा मात्र संचालित लप्सीबोट सामुदायिक होमस्टे नेपालकै नमुना होमस्टे बनाउन सकिने हुँदा अभै ध्यान दिएर संचालन गर्न आग्रह गरे । उनले गाउँमा संचालित हामेस्टेहरुको दर्ता नविकरण लगायतका विषय अत्यन्तै भण्भटिला प्रक्रिया भएको हुँदा यसलाई राज्यले सहज बनाउनुपर्नेमा जोड दिए। कार्यक्रममा संस्थाका संस्थापक अध्यक्ष लक्की कार्की क्षेत्रीले लप्सीबोट होमस्टे संचालकहरुले धेरै राम्रो गरिसकेको प्रमाण खानपान र आतिथ्यतामा देखिएको भन्दै खुलेर प्रशंसा गरे । साथै उनले पर्यटकको रुची, सरसफाई, स्थानीय उत्पादनको प्रयोग प्राचीन कला संस्कृतिको संरक्षण लगायतका विषयमा ध्यान दिनुपर्ने बताइन । कार्यक्रममा लप्सीबोट सामुदायिक होमस्टे संचालक समितिका सहसचिव रत्नकुमारी गुरुङले महिलाहरुले मात्र संचालन गरेको जानकारी गराउँदै अहिलेसम्म बाह्य उत्पादन आफुहरुले प्रयोग नगरेको बताइन । उनले होमस्टे संचालन गर्दाको अहिलेको अवस्था, त्यस ठाउँको सम्भावना र अहिले भोग्नु परेको चुनौती लगायतको बारेमा बताइन । संस्थाका अध्यक्ष रेणु थापा मगरले ओजेलमा परेको होमस्टेको प्रवर्द्धनका लागि आफ्नो संस्थाले भुकदेउराली र लप्सीबोट होमस्टलाई रोजेको बताइन । उक्त होमस्टेमा हामेस्टे सम्वन्धी सचेतना कार्यक्रम मात्र नभएर प्रर्वद्धन समेत गर्ने उद्देश्यले पोखराबाट करिव ३० जना पर्यटन व्यवसायी महिला समेत सहभागी भएको बताइन । पर्यटन ब्यवसायी महिला संघ नेपालका अध्यक्ष रेनु थापा मगरको अध्यक्षतामा सम्पन्न कार्यक्रमको संचालन महासचिव शोभा पाण्डेले गरेकी थिइन।

१० वटा घरमा ५० जना अतिथि राख्न सक्ने व्यवस्था रहेको छ। कार्यक्रममा सहजकर्ताको रुपमा पर्यटनविद् श्रीकान्त खतिवडा र संस्थाका संस्थापक वरिष्ठ पर्यटन व्यवसायी लक्की क्षेत्री कार्की रहेकी थिइन।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्भनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# इतिहास रच्ने दाउमा संकटा र क्यामरुनको अफ्रिकन रुट एशोसियसन

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ चैत**

१९ औं संस्करणको आहा रारा गोल्ड कप फुटबल प्रतियोगिताको उपाधिको लागि पाहुना टोली अफ्रिकन रुट एशोसियसन, डाउला क्यामरुनसंग नेपालको संकटा क्लवले प्रतिस्पर्धा गर्ने भएको छ।

पोखरा रंगशालामा विहिबार भएको दोश्रो सेमिफाइनल खेलमा पाहुना टोली अफ्रिकन रुट एशोसियसनले नेपालको विभागिय टोली नेपाल पुलिस क्लवलाई २–० को गोल अन्तरले पराजित गर्दै फाइनलाम यात्रा बनाएको हो।

अफ्रिकन रुट एशोसियसनको जितमा बसेक र मौसाले एक एक गोलको योगदान दिए । आहा राराको इतिहासमा छुट्टै पहिचान बनाएको नेपाल पुलिस सम्हालिन नपाउदै अफ्रिकन रुटका बसेकले खेलको तेश्रो मिनेटमै उत्कृष्ट गोल गरी आफ्नो टिमलाई अग्रता दिलाए । उनले मौसाको पासमा डिफेण्डर सहित गोलरक्षक लाई समेत छल्दै उत्कृष्ट गोल गरेका हुन्। मौसाले खेलको अन्तिम इन्जुरी समयमा एक गोल गरी आफ्नो



टिमलाई २–० को जित सुनिश्चित गरेका हुन्। पहिलो हालमा १–० ले पछि परेको पुलिसले दोश्रो हापमा केही गोल गर्ने प्रयास गरे पनि अग्लो कदका खेलाडीहरु सहभागि अफ्रिकन रुट सामु गोल गर्न फलामको चिउरा चपायसरी कठिन स्थिती सृजना भयो।

नेपाली फुटवलका स्टार खेलाडी जुमानु राईलाई पुलिसका प्रशिक्षक अनन्त थापाले सप्टिच्यूट खेलाडीको रुपमा मैदानमा उतारे पनि उनले गरेको केही प्रयास असफल भयो । आहा राराको सर्वाधिक सफलता हासिल गरेको पुलिस क्याराभान गोल्डकप सहित ६ वटा उपाधि रक्षा गरेको छ भने १० पटक फाइनलमा प्रबेश गरेको टिम हो।

खेलमा म्यान अफ दी म्याच घोषित भएका मौसाले ट्रफीको साथमा नगद ५ हजार पुरस्कार प्राप्त गरे । उनलाई राखेप सदस्य राजेश कुमार गुरुङ र खेलकुद परिषद, गण्डकी प्रदेशका सदस्य सचिव तेज बहादुर गुरुङले उक्त उपहार वितरण गरेका थिए । अफ्रिकन रुटका प्रशिक्षक शर्जी वोरीसले आफ्नो टिम स्प्रिटका कारण पुलिस बिरुद्धको खेलमा जित हासिल गरेको बताए । उनले संकटनासंग शनिबार हुने फाइनल खेलमा धेरै मेहनत गरी इतिहास रच्ने गरी खेल खेल्ने बताए। पुलिसका प्रशिक्षक अनन्त थापाले आफुहरु सम्हालिन पाउदै तेश्रो मिनेटमै गोल खाएर विदेशी खेलाडीहरुको दबाबमा परेको बताए । नेपाली सामु अग्लो कदका विदेशी खेलाडीहरु हुनु उनीहरुलाई धेरै सम्भावना भएकोले त्यसको फाइदा उठाउन सफल भएको उनको भनाई थियो।

संकटा क्लवले बुधबारको खेलमा सशस्त्र प्रहरी वल एपिएफ क्लवलाई पराजित गर्दै फाइनलमा पहिलो पटक यात्रा बनाएको हो । आहा राराको इतिहासमा संकटा र अफ्रिकन रुटको टिम पहिलो पटक फाइनलमा पुगेका हुन्। यी दुई टिम मध्य कुनै एक टिम विजेता हुँदा आहा रारा गोल्ड कपमा इतिहास रच्नेछन्।

प्रतियोगिताको विजेता टोलीले उपाधि सहित १० लाख १ हजार साथमा मेडल प्रमाण पत्र प्राप्त गर्ने भएको छ। उपबिजेता हुने टोलीले ट्रफीको साथमा ५ लाख १ हजार रुपैया साथमा मेडल प्रमाण पत्र प्राप्त गर्ने भएको छ।

# कास्की रातो र निलो बीचको टेष्ट सिरिज बराबरी

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ चैत**

पोखरामा आयोजित यु-१९ दुईदिवसीय क्रिकेट टेष्ट सिरिजमा कास्की रातो र निलोले बराबरीमा टुंगिएको छ। कास्की रातोले दोस्रो दिन दोस्रो इनिङ शुरु गर्दै २५ ओभरमा ४ विकेटको क्षतिमा १३८ रन बनाएपछि सिरिज बराबरीमै टुंगिएको थियो।

कास्की जिल्ला क्रिकेट संघको आयोजनामा सञ्चालित टेष्ट सिरिजमा कास्की निलोले पहिलो दिनको इनिङमा १७२ रन बनाउने क्रममा सबै विकेट गुमाएपछि कास्की रातोले आफनो व्याटिङ शुरु गरेको थियो । १०३ रनबाट खेल्न थालेको रातोले दोस्रो दिन १७७ रनमा सबै विकेट गुमाएको थियो । पहिलो इनिङमा निलो ५ रनले पछि परेको अवस्थाबाट आफनो दोस्रो इनिङ शुरु गरेको थियो । बिहीबार पोखरा रंगशाला क्रिकेट मैदानमा दोस्रो इनिङमा कास्की निलोले ७ विकेटको



क्षतिमा १७६ रन बनाउँदै आफनो इनिङको समाप्तीको घोषणा गरेको थियो । कास्की निलोका लागि सोहेल कुँवरले ४४ रनको योगदान दिएका थिए। निरन्जन यादवले ३५ र किरण पौडेलले ३० रन बनाए।

१७२ रनको लक्ष्य पछ्याएको कास्की रातोले ४ विकेटको क्षतिमा २५ ओभरमा १३८ रन बनाएपछि खेल बराबरीमा टुंगिएको थियो । कास्की रातोको लागि गोविन्द विकले पहिलो इनिङमा नटआउट शतकीय पारी खेलेका थिए। उनले दोस्रो इनिङमा समेत ६३ रनको महत्वपूर्ण नटआउट इनिङ खेले । उनको उत्कृष्ट व्याटिङमा दुईदिवसीय टेष्ट सिरिज बराबरीमा टुंगिएको हो।

पोखरा क्रिकेट क्लबको प्रायोजन तथा कास्की क्रिकेट क्लबको व्यवस्थापनमा आयोजित प्रतियोगितामा तीन टोली टेष्ट सिरिजमा प्रतिस्पर्धा गर्ने छन्।

टेष्ट सिरिजमा कास्कीसहित नवलपुर, बाग्लुङ, तनहुँ र स्याङजाबाट खेलाडी छनोट गरी टोलीमा समावेश गरिएको छ। प्रशिक्षक रिजन प्रजुका अनुसार टेष्ट सिरिजले क्रिकेट विकासमा नयाँ टेवा पुग्ने छ। शुक्रबार कास्की हरियो र रातो बीच पहिलो दिनको खेल शुरु हुने छ।

# महासंघ तनहुँ शाखाको अध्यक्षमा उज्वल पौडेल

**पोखरापत्र संवाददाता**
**तनहुँ, २६ चैत**

महासंघ तनहुँ शाखाको अध्यक्षमा उज्वल पौडेल निर्वाचित भएका छन्।

महासङ्घको बुधबार राति सम्पन्न महाधिवेशनमा पौडेलले ५७ मत ल्याएर निर्वाचित बनेका हुन् । उनका निकटम प्रतिद्वन्द्वी शेख मोहम्द हनिफ (गोरा मियाँ)ले ५३ मत ल्याएका थिए। मियाँ प्रेस युनियन तर्फबाट उम्मेद्वार बनेका थिए । पौडेल प्रेस मञ्च नेपालको केन्द्रीय सचिव रहेका छन्। तनहुँमा प्रेसमञ्च नेपाल र प्रेस चौतारीबीच गठबन्धन भएको थियो। त्यसैगरी उपाध्यक्षमा धनपति अधिकारी र अस्मिता खनाल, सचिवमा प्रताप राना, सहसचिवमा प्रकाश अधिकारी, सहसचिव समावेशीतर्फ मिला दरै, कोषाध्यक्षमा बिमला दुवाडी, सदस्यमा उपेन्द्र खनाल, किरण श्रेष्ठ, प्रकृति खनाल, राजेश्वर हड्खले, विकास खनाल, विष्णु गौतम, श्रीहरी पौडेल विजयी भएका छन्। त्यसैगरी महिला सदस्यमा सुनिता थापा, जनजाति सदस्यमा सिर्जना राना, महिला दलितमा मुना कालिराज विके निर्वाचित हुनुभएको निर्वाचन संयोजक कमलामोहन वाग्लेले जानकारी दिए।

# प्रतिकूल ...

काठमाडौँको आकाश केही मात्रामा खुलेको छ । बाक्लो तुवाँलो नभएपछि भिजीबिलिटी पनि राम्रो रहेको र नियमित उडान भइरहेको विमानस्थलका महाप्रबन्धक तिवारीले बताउनुभयो। उहाँका अनुसार आज पोखरा विमानस्थलबाहेकका गन्तव्यमा उडान नियमित भइरहेको छ। पोखरामा विगत तीन दिनदेखि उडान हुन नसक्दा यात्रु मर्कामा परेका छन्। हाल देशमा स्थानीय वायुको तथा पश्चिमी वायुको आंशिक प्रभावका साथै नेपालभन्दा दक्षिणमा बनेको तल्लो वायुमण्डलीय न्यून चापीय प्रणालीको पनि प्रभाव रहेको जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले जनाएको छ। हाल देशको पहाडी भू-भागमा आंशिक बदली रहेको छ। साथै देशका केही स्थानमा तुवाँलो लागेको अवस्था छ। देशका पहाडी भू-भागमा आंशिकदेखि सामान्य बदली रही बाँकी भू-भागमा मौसम आंशिक बदली रहनेछ। प्रदेश १ का पहाडी भू-भागका थोरै स्थान र बाँकी प्रदेशका पहाडी भू-भागका एक/दुई स्थानमा अपराह्नतिर मेघगर्जन/चट्याङसहित हल्का वर्षाको सम्भावना रहेको छ। महाशाखाका अनुसार आज काठमाडौँको न्यूनतम तापक्रम १३ र अधिकतम तापक्रम २८ दशमलव आठ डिग्री सेल्सियस रहेको छ।

# नेपाल पत्रकार महासंघ पर्वतको अध्यक्षमा सन्तोष थापा

**पोखरापत्र संवाददाता**
**पर्वत, २६ चैत**

नेपाल पत्रकार महासङ्घ पर्वतको अध्यक्षमा सन्तोष थापा विजयी भएका छन्।

बुधबार राति सम्पन्न मतपरिणाम अनुसार थापा आफ्ना निकटतम प्रतिद्वन्द्वी अगन्धर तिवारी भन्दा दुई मतको अन्तरमा विजयी भएका हुन्। थापाले २८ र तिवारीले २६ मत प्राप्त गरेका थिए। थापा प्रेस चौतारी निकट पत्रकार हुन् भने पराजित तिवारी प्रेस युनियन निकट रहेका छन्।

त्यसैगरी उपाध्यक्षमा नारायण भुर्तेल, महिला उपाध्यक्षमा इन्दु तिवारी, सचिवमा राजबाबु पिसी, सहसचिव समावेशीमा दीपेश विक, सहसचिवमा निर्मल पौडेल, कोषाध्यक्षमा डिलबहादुर विक विजयी भएका छन्। त्यसैगरी महिला सदस्यमा रमा सुवेदी, अन्य समावेशी सदस्यमा गीताकुमारी शर्मा विजयी भएका छन्। खुल्ला सदस्यमा सुवास लामिछाने, माधव पराजुली, राजन पौडेल, विकासराज पौडेल र महेन्द्रबहादुर जिसी विजयी भएका छन्। दलित सदस्यमा लक्ष्मणकुमार सुनार र आदिवासी जनजातीतर्फ इन्द्रकुमार जोशी निर्विरोध निर्वाचित भएका छन्। केन्द्रीय परिषद् सदस्यमा गणेश पौडेल र रञ्जना खत्री निर्विरोध निर्वाचित हुनुभएको छ भने प्रदेश परिषद् सदस्यमा लक्ष्मण सापकोटा, गणेश गिरी, कृष्णबहादुर अखेली र इन्दिरादेवी शर्मा विजयी हुनुभएको छ। पत्रकार महासङ्घ पर्वतमा ५४ सदस्य छन्।

# सहारा एकेडेमीको अक्षयकोषमा सहयोग आउने क्रम जारी

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ चैत**

सहारा क्लवले संचालन गरेको सहारा एकेडेमीको लागि विभिन्न क्षेत्रबाट सहयोग आउने क्रम जारी रहेको छ।

१९ औं आहा रारा गोल्ड कपको अवसरमा सहारा एकेडेमीको अक्षयकोषमा रकम आउने क्रम जारी रहेको क्लवले जनाएको छ।

पछिल्लो समयमा सहारा यू.के.(एफ.सी.)का अध्यक्ष कृष्ण गुरुङबाट ५० हजार, सल्लाहकार दीलराज गुरुङबाट ५० हजार ९, सहारा यू.के.का उपाध्यक्ष क्या.कुसाङ गुरुङबाट ५४ हजार ८ सय ३०, सहारा यू.के.का अध्यक्ष कुमार गुरुङबाट ९ हजार रुपैया सयहोग प्राप्त भएको क्लवले उल्लेख गरेको छ।

सहारा एकेडेमीमा हाल १४ जिल्लाका २४ जना वालकहरु रहेका छन्।

# गोर्खा सङ्गठनहरुद्वारा प्रधानमन्त्री ओलीलाई ज्ञापनपत्र

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ चैत**

भूतपूर्व गोर्खा सैनिक सङ्गठनहरूले प्रधानमन्त्री केपी शर्मा ओलीलाई सेवानिवृत्त बेलायती गोर्खा सैनिकहरुको समस्यामा केन्द्रित रहेर ज्ञापनपत्र बुझाएका छन्।

ज्ञापनपत्रमा सङ्गठनहरूको संयुक्त प्राविधिक समितिमा गरिएको छलफलमा आधारित १३ बुँदे प्रतिवेदन लगायतलाई सम्बोधन गर्नका लागि बेलायत सरकारसँग कूटनीतिक पहल गर्न एक उच्चस्तरीय वार्ता समिति गठन गर्न माग गरिएको छ। त्यस्तै भूतपूर्व गोर्खा सैनिकका विषयमा नेपाल तथा बेलायत सरकारबीच भएका पत्राचार, अन्य सूचना र तत्सम्बन्धमा नेपाल सरकारको आधिकारिक धारणासमेत अविलम्ब सार्वजनिक गर्न माग गरिएको छ।

बेलायती प्रधानमन्त्री बोरिस जोनसनलाई ज्ञापनपत्र पठाएको एक दिनपछि भूपू गोर्खा सैनिक सङ्गठन तथा एनआरएनए गोरखा विभागले प्रधानमन्त्री ओलीलाई पनि संयुक्त ज्ञापनपत्र पठाएका हुन्। विभिन्न गोर्खा सङ्गठनका प्रतिनिधिहरुको उपस्थितिमा बुधबार बिहान लन्डनस्थित नेपाली दूतावासमा उक्त ज्ञापनपत्र बुझाइएको हो । ज्ञापनपत्र हस्तान्तरण कार्यक्रममा भूतपूर्व गोरखा सैनिकहरूको संस्था गेसोका कार्यवाहक सभापति धर्म तामाङले बेलायतसँग नेपालको ऐतिहासिक सम्बन्ध रहेको तर भूतपूर्व गोर्खा सैनिकहरुप्रति विभेद कायमै रहेकाले गेसोले तीन दशकभन्दा लामो समयदेखि आन्दोलन चलाइरहेको बताए। ज्ञापनपत्र बुझ्दै बेलायतका लागि नेपाली राजदूत लोकदर्शन रेग्मीले सेवानिवृत्त गोर्खा सैनिकको विषय नेपाल सरकारको प्राथमिकताको विषय हो भन्दै आफू बेलायतमा राजदूत भएर आउनासाथ यो विषयलाई प्राथमिकतामा राखेको बताए।

# गण्डकीका सबै जिल्लामा स्वास्थ्य बीमा कार्यक्रम संचालन

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ चैत**

गण्डकी प्रदेशका सबै जिल्लामा स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन भएको छ।

प्रदेशका ११ जिल्लामध्ये स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन हुन बाँकी हिमालपारिका जिल्ला मनाङ र मुस्ताङमा बुधबारदेखि सो कार्यक्रम सञ्चालनमा आएको स्वास्थ्य बीमा बोर्ड गण्डकी प्रदेशका संयोजक जीवलाल खरेलले जानकारी दिए।

प्रदेशमा हालसम्म चार लाख ७५ हजार व्यक्तिको स्वास्थ्य बीमा भइसकेको जानकारी दिँदै उहाँले यसमध्ये ६४ हजार ज्येष्ठ नागरिक रहेको बताउनुभयो। उहाँका अनुसार सात हजार ७०० अतिविपन्न परिवारको स्वास्थ्य बीमा गरिएको छ। ज्येष्ठ नागरिक तथा अतिविपन्न परिवारको सरकारले निःशुल्क स्वास्थ्य बीमा सेवा उपलब्ध गराउँदै आएको छ।





## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता**: अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्वन्धी रोग**: छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५३९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१–५८२५०८, ०६१–५७०६५१, ०६१–५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# इन्टरनेटको सही उपयोग

मानिसको दिनाचार्य आजभोलि मोबाइल र इन्टरनेट पर्याय बनेको छ। इन्टरनेटलाई ज्ञान, सूचना र मनोरञ्जनका लागि आधुनिक गुरु कै रुपमा मानिएका छन् । तर, यसको सही सदुपयोग भएको छ कि दुरूपयोग गरिएको छ यसको खोज अनुसन्धान हुनु जरुरी छ। खासगरी शहर बजारमा अधिकांशका घरमा इन्टरनेट जोडिएका छन्। मोवाइल खल्तीमा नहुने त मानिस नै हुँदैन। साना बाबुनानीलाई फुलाउन पनि आमाहरूले हातमा मोबाइल थमाइदिन्छन् । तर, तिनको ठीक तवरले उपयोग नगर्दा बालबालिकामा लत बस्ने खतरा हुन्छ। बालबालिका जब इन्टनेटभित्र छिर्छन् तब उनीहरूको लागि नै लहलहैमा लागेर झगडा गरेर पनि आर्थिक हैसियत नभएका मानिसलाई पनि घरमा इण्टरनेट जोड्नुपर्ने आवश्यकता बढ्दै गएको छ।

फेसबुक १३ वर्षभन्दा कमको बालबालिकाले चलाउन पाउँदैन। तर फेसबुक फेसन र फोटो देखाउने रूपमा पनि साना बालबालिकाको फेसबुक अकाउन्ट बनाएर चलाइरहका हुन्छन्। इन्टरनेट उपयोग र यसले पार्ने नकारात्मक प्रभावलाई ध्यान दिई अभिभावकले पनि आफुले मोबाइल वा ल्यापटप चलाउँदा विचार पुर्‍याउनुपर्छ। बालबालिकालाई पढ् भनेर गाली गर्ने र आफू भने इन्टरनेट चलाएर बस्ने गर्नुहुँदैन। अनलाइन इन्टरनेटबारे ज्ञान हुन आवश्यक पर्छ। बालबालिकाले विभिन्न वेबसाइटमा के हेर्ने भन्नेबारे ज्ञान लिनुपर्छ। उनीहरू सँगै बसेर साइट अवलोकन गर्नुपर्छ। इन्टरनेट चलाउने समय र नियमहरू बनाइदिनुपर्छ र त्यो आफूमा पनि लागु गर्नुपर्छ। विद्यालयहरूले पनि बिद्यार्थीलाई यो कुरा सिकाउनु जरुरी हुन्छ।

फेसबुक वा युट्युब संचालन गर्नेहरूले कति उमेरमा साइट खोल्न पाउने त्यो निर्धारण गर्नु जरुरी छ। उमेर नपुगेका बालबालिकालाई फेसबुक खोल्न दिइनु हुँदैन। यसमा उमेर किटानी गर्नु जरुरी हुन्छ। विश्वभरी नै बालबालिकाहरू इन्टरनेटबाट चल्ने सामग्रीहरू प्रयोग गर्ने लतमा लागिरहेका छन्। मानिस चौबिसै घण्टा बसेर त्यसमा अल्झिरह्यो भने शरीर कुँजिन्छ। शारीरिक ब्यायाम हुँदैन। त्यसरी लामो समयसम्म बसियो भने त्यस्ता मानिसले कुनैपनि परिश्रम गर्न सक्तैनन्। ज्ञानको लागि एक वा दुई घण्टा इण्टरनेट चलाउनु बेग्लै कुरा हो। ब्यवसाय नै त्यहि भएकालाई पनि इन्टरनेटमा खेल्नु आवश्यक होला। तर, नितान्त मनोरञ्जनको लागि उमेर नै नपुगेका बालबालिकाले जब इन्टरनेटलाई लत बनाउन थाल्छन् त्यो उनीहरूको लागि त हानीकारक छ नै यस परिवार, समाज, हुदै देशकै लागि समेत हानिकारक छ भन्ने बुझ्नु जरुरी छ।

# बलात्कारीलाई सात वर्ष कैद फैसला

**पोखरापत्र संवाददाता**
**बागलुङ, २६ चैत**

उन्नाइस वर्षीया युवतीलाई बलात्कार गर्ने युवालाई जिल्ला अदालत बागलुङले सात वर्ष कैद सजाय फैसला गरेको छ। बागलुङको ताराखोला गाउँपालिका-२ का २१ वर्षीय रेशम वनलाई जिल्ला न्यायाधीश वासुदेव न्यौपानेको बुधबारको इजालासले बलात्कार कसुर ठहर गर्दै सात वर्ष कैद सजाय फैसला गरेको हो।

कैदसँगै वनले पीडित युवतीलाई रु ८० हजार रकम क्षतिपूर्तिसमेत दिनुपर्ने फैसला गरेको जिल्ला अदालत बागलुङका सूचना अधिकारी सूर्यप्रसाद भण्डारीले जानकारी दिनुभयो।

विसं २०७७ असार १७ गते ती युवतीलाई बलात्कार गरेको अरोपमा वनलाई प्रहरीले असार १८ गते पक्राउ गरेको थियो।

प्रहरीले अनुसन्धान पूरा गरी जिल्ला सरकारी वकिलको कार्यालयमार्फत साउन ११ गते जिल्ला अदालत बागलुङमा जबर्जस्ती करणी शीर्षकमा मुद्दा दर्ता गरेको थियो। वन जिल्ला अदालत बागलुङको साउन १२ गतेको आदेशले हालसम्म जिल्ला कारागार बागलुङमा पुर्पक्षका लागि थुनामा रहेका थिए।

# पर्यटकीय गन्तव्य बनाउन अभियान

**पोखरापत्र संवाददाता**
**बागलुङ, २६ चैत**

बडिगाड गाउँपालिका-७ भीमगिठेको थामचौरलाई पर्यटकीय गन्तव्य बनाउन अभियान शुरु भएको छ।

उच्च स्थानमा रहेको चौर भएकोले यो स्थान पर्यटकका लागि आर्कषक पनि छ। यहाँबाट हिमाली शृङ्खला, गुल्मी, पाल्पा र प्यूठानका धेरै स्थान देखिने भएकोले बडिगाड गाउँपालिका र वडाले पर्यटन क्षेत्र बनाउने उद्देश्यले पर्यटन प्रबर्द्धनको अभियान थालिएको हो। पर्यटकको आर्कषणका लागि यहाँ सिद्धबाराही मन्दिर निर्माण थालिएको छ। वडा कार्यालयको अगुवाइमा गाउँपालिकाले रु १० लाख विनियोजन गरेपछि चालू वर्ष मन्दिर निर्माण भएको छ। मन्दिर निर्माण सकेर पर्यटकको आर्कषक गन्तव्य बनाउने योजना बनाइएको वडाध्यक्ष कृष्णबहादुर गुरुङले बताउनुभयो। यो स्थानमा पुग्न मध्यपहाडी लोकमार्गको भीमगिठे बजारबाट एक घण्टा जीपको यात्रा गर्नुपर्छ। पदयात्रा गरेर घुम्न चाहनेका लागि पनि यो स्थान आर्कषक गन्तव्य हो। भीमगिठेबाट दुई देखि ३ घन्टामा पैदलयात्रा गर्न सकिने भएकोले एकदिने यात्रा गर्न चाहनेलाई यो मार्ग आर्कषक रहेको स्थानीयवासी गण्डकी थापा अधिकारीले बताउनुभयो।

“उच्च स्थानमा रहेकोले पर्यटक आर्कषण गर्न सक्ने स्थान छ”, उहाँले भन्नुभयो, “यहाँ वनभोज स्थलसमेत बनाउन सकेमा वरपरका मानिसलाई भित्र्याउन सकिन्छ।” पदमार्ग आसपासमा पनि साना होटल तथा रेस्टुरेन्ट सञ्चालन गर्न सकिने उहाँले बताउनुभयो। भीमगिठेदेखि यात्रा गर्न माथिल्लो स्थानसम्म पुग्दा हरियाली वनजङ्गल, डाडाँकाँडा, र मैदान भेटिन्छ। “पर्यटकका लागि लोभलाग्दो स्थान हो, हामीले व्यवस्थापनका लागि काम गरिरहेका छौं”, स्थानीयवासी पविता थापाले भन्नुभयो, “मोटरबाटो पुगेकोले पैदल जान नसक्नेलाई पनि सहज बनेको छ।” गाउँपालिका र वडाले प्रचारको काम थालेपछि दैनिक घुम्ने र वनभोज खाने पुग्न थालेको उहाँले बताउनुभयो।

यहाँ पुगेकाहरूले बस्न चाहेको खण्डमा थामचौरमै होटलको आवश्यकता देखिएको स्थानीयवासी लालबहादुर थापाले बताउनुभयो। “बस्न खोज्नेलाई होटल वा टेन्ट बनाउने योजना चाहिएको छ”, उहाँले भन्नुभयो, “गाउँपालिकाबाट बजेट मागेर थप पूर्वाधारका योजना पनि थप्ने लक्ष छ।” कोरोना महामारीका कारण थला परेको बागलुङको पर्यटन विस्तारै तङ्ग्रिन थालेसँगै नयाँ गन्तव्यको पहिचान र प्रचारप्रसारमा समेत स्थानीय तहले चासो देखाउन थालेका छन्। सन् २०२० लाई नेपाल भ्रमण वर्ष सरकारले घोषणा गर्दा उत्साह छाएको बागलुङको पर्यटनमा कोरोना महामारीले ठूलो असर गरेको थियो।

# थप ३३२ मा कोरोना भाइरस संक्रमण

**रासस**
**काठमाडौं, २६ चैत**

देशभर पछिल्लो २४ घण्टामा थप ३३२ कोभिड-१९ को सङ्क्रमण पुष्टि भएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार पछिल्लो समय चार हजार छ जनाको स्वास्थ्य परीक्षण गर्दा सो सङ्ख्यामा सङ्क्रमण पुष्टि भएको हो।

बिहीबारसम्म नेपालमा कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या दुई लाख ७९ हजार १०० पुगेको छ। त्यस्तै पछिल्लो समय थप ७९ जना निको भएका छन्। यो सँगै निको हुनेको सङ्ख्या दुई लाख ७३ हजार ६०८ रहेको छ। निको हुने दर भने ९८ प्रतिशत रहेको छ।

अहिले देशभर सक्रिय सङ्क्रमितको सङ्ख्या दुई हजार ४५४ रहेको छ। उनीहरुमध्ये ७७ जना क्वारेन्टिनमा रहेका छन् भने अन्य आइशोलेशनमा रहेका छन्। हालसम्म नेपालमा २३ लाख दुई हजार १७३ को पिसिआर परीक्षण भएको छ।

त्यस्तै तीन हजार ३८ ले कोरोनाको कारण ज्यान गुमाएको मन्त्रालयले जनाएको छ। त्यस्तै पछिल्लो २४ घण्टामा कोरोनाको कारण कसैको पनि मृत्यु भएको छैन।

# प्रसारण लाइनको प्रभावितलाई मुआब्जा वितरण गरिँदै

**पोखरापत्र संवाददाता**
**तनहुँ, २६ चैत**

एक सय ४० मेगावट विद्युत् उत्पादन गर्न लागेको तनहुँ जलविद्युत् आयोजनाले विद्युत् प्रसारण लाइनका लागि व्यक्ति तथा सामुदायिक वनको जग्गा अधिग्रहण गरेपछि प्रभावितलाई मुआब्जा वितरण गर्न लागेको छ।

जिल्लाको ऋषिङ गाउँपालिका-१ झापुटारमा रहेको आयोजनाबाट उत्पादित विद्युत् राष्ट्रिय प्रसारण लाइनसँग जोड्नका लागि विद्युत्को टावर निर्माण गर्नुपर्ने भएकाले विभिन्न स्थानमा गरी आयोजनाले साढे तेइस रोपनी जग्गा अधिग्रहण गरेको थियो। आयोजनाबाट उत्पादन हुने विद्युत् लाई भरतपुरको सवस्टेशनमा लगेर राष्ट्रिय प्रसारण लाइनसम्म जोड्नका लागि आयोजनाले जग्गा अधिग्रहण गरेको आयोजनाका सहायक निर्देशक भोला शर्माले जानकारी दिनुभयो।

दमौलीबाट भरतपुरसम्मको दूरीमा पर्ने सवस्टेशनमा लगेर राष्ट्रिय प्रसारणको लाइनमा जोड्न ट्रान्समिटर प्रसारण लाइनका लागि २२० केभीको विद्युत् उत्पादन गरिएको उहाँले बताउनुभयो। आयोजनाले विभिन्न स्थानमा वनजङ्गल, जग्गालगायतका गरी उक्त जग्गा अधिग्रहण गरेको हो। उहाँले भन्नुभयो, “यसबाट प्रत्यक्ष प्रभावमा परेकालाई रु एक करोड ३१ लाख ३४ हजार ५१० मुआब्जा वितरण गरिनेछ।” उहाँका अनुसार कृषि सहायतास्वरूप ५९ जनालाई रु रु २५ हजारका दरले र करिब ५७ जनालाई जोखिमयुक्त बस्तीअनुरुप क्षतिपूर्ति सहयोग गरिने प्रावधान रहेको छ।

जग्गा अधिग्रहणपश्चात् भरतपुरसम्मको प्रसारण लाइनको निर्माणको काम तीव्र गतिमा भइरहेको आयोजनाका सहायक निर्देशक शर्माले बताउनुभयो। विद्युत् टावर निर्माणको जग्गा अधिग्रहण गर्दा जिल्लाको व्यासनगरपालिका-१३ र १४ अन्तर्गत, बन्दीपुरगाउँपालिका-६, आँबुखैरेनी गाउँपालिका-६ र देवघाट गाउँपालिकाको वडा नं ४ र ५ वडाका बासिन्दा प्रभावित भएका छन्। प्रमुख जिल्ला अधिकारी सागर आचार्यको संयोजकत्वमा गठित समितिले बुधबारदेखि मुआब्जा वितरण गर्ने तयारी थाले पनि गृहमन्त्रालयको निर्देशनपश्चात् वितरण कार्य रोकिएको छ। गृहमन्त्रालयले आयोजनाको नाममा जग्गा आएपछि मात्रै मुआब्जा वितरण गर्न निर्देशन दिएपछि मुआब्जा वितरण कार्य प्रभावित भएको जिल्ला प्रशासन कार्यालय तनहुँका लेखापाल पदमबहादुर थापाले जानकारी दिनुभयो। मन्त्रलालयको निर्देशनअनुरूपमा शुरुमा जग्गाधनीको लगत कट्टापश्चात् मात्रै सम्बन्धित व्यक्तिको खातामा पैसा जम्मा गर्ने व्यवस्था रहेको छ। सामुदायिक वनको लगत लिने र सामुदायिक वनले स्वीकृत दिनुपर्ने कार्य आयोजनाले यसअघि नै सम्पन्न गरिसकेको छ। तनहुँ जलविद्युत् आयोजनाबाट प्रभावित क्षेत्रलाई चार समूहमा विभाजन गरी निर्माण कार्य थालिएको छ। जिल्लाको साविकको झण्डै १८ वटा गाउँ विकास समिति प्रभावित हुने छन्। जलाशय क्षेत्रअन्तर्गत भीमाद, छाङ, माझकोट, ऋषिङ, रानीपोखरी, कोटदरबार, जामुने, साबुङभगवतीपुर, काँहुशिवपुर र व्यास नगरपालिका रहेका छन्।

त्यसैगरी बाँध, विद्युत्गृह, पानी निष्कासन सुरुङ र स्वीच वार्ड काँहुशिवपुर र व्यास नगरपालिकामा रहने छ। आयोजनाको सुविधा संरचना (पहुँच मार्ग, बसोवास क्षेत्र, ब्याचिङ वार्ड) काँहुशिवपुर र व्यास नगरपालिकामा रहेको छ भने तल्लो तटीय क्षेत्र काँहुशिवपुर, पोखरीभञ्ज्याङ, केशवटार, धरमपानी, बैदी, छिपछिपे, देवघाट र देउराली रहेको छ। उक्त आयोजनाको लम्बाइ १८ किलोमिटर रहनेछ। पानीले भरिँदा पानीको अधिकतम सतह समुद्र सतहबाट ४१५ मिटर रहने छ।

# सत्र नलाग्दै चुरोट र सुर्तीको लत !

**पोखरापत्र संवाददाता**
**बागलुङ, २६ चैत**

सुर्तीजन्य पदार्थको सेवनमा २० वर्षमुनिका युवाको सहभागिता बढेर गएको छ। स्कुल र कलेज तहका किशोर-किशोरीलाई सुर्तीजन्य पदार्थको लतमा पर्न नदिन चेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिएको छ।

स्वास्थ्य कार्यालय बागलुङको आयोजनामा भएको सुर्तीजन्य पदार्थको स्वास्थ्यमा प्रभाव र यसको नियमनसम्बन्धी ऐन नियम र मापदण्डका सम्बन्धमा आयोजित पैरवी कार्यक्रमका सहभागीले युवा र किशोर अवस्थामा सुर्तीजन्य वस्तुको सेवनबाट बचाउनुपर्ने आवश्यकताबारे चिन्ता व्यक्त गरे। बागलुङका प्रमुख जिल्ला अधिकारी शिवकुमार कार्कीले किशोर अवस्थामा कुलतबाट जोगाउन सकेमात्र भविष्यमा दक्ष जनशक्ति उत्पादन गर्न सकिने भन्दै प्रशासनबाट नियमन कडाइ गरिने बताउनुभयो। उहाँले सार्वजनिकस्थलमा चुरोट र सुर्तीजन्य वस्तु सेवन गर्नेलाई कारवाही गरिने बताउनुभयो।

“कारवाही गर्ने अधिकारीका रूपमा प्रजिअलाई तोकेको छ, अब हामी कडाइका साथ अनुगमन पनि गर्छौं”, कार्कीले भन्नुभयो, “अब जता पायो त्यतै जहाँ पायो त्यहीँ धुमपान गर्दा कारवाही भोग्नुपर्छ।” सरकारले २०६८ सालमै सुर्तीजन्य पदार्थ नियन्त्रण र नियमन गर्ने ऐन ल्याए पनि प्रभावकारी कार्यान्वयन भएको छैन। विद्यालय र कलेज पढ्ने बालबालिकामा चुरोट खाने प्रवृत्ति बढेको, त्यसपछि क्रमशः युवा दुर्व्यसनमा फस्ने तथा लागुपदार्थ सेवनमा लाग्दा घरपरिवार तथा राष्ट्रकै लगानी खेर जाने, दक्ष जनशक्ति उत्पादनमा ह्रास आउनेजस्ता काम भइरहेको उहाँले बताउनुभयो।

स्वास्थ्य कार्यालय प्रमुख सुरज गुरौले एक तिहाइ नेपालीले अहिले पनि धुमपान गरेको तथ्य बताउनुभयो। साथै उहाँले १७ वर्षमुनिबाटै धुमपान सिक्ने गरेको अध्ययनले देखाएको भन्दै विद्यालय तहलाई समयमै सम्बोधन गर्न ढिलाइ गर्न नहुने बताउनुभयो। अहिले पनि सत्र वर्षमुनिका झण्डै १९ प्रतिशत किशोरकिशोरी त्यस्तो लतमा देखिएको बताइएको छ। त्यस्ता वस्तुको सेवनले क्यान्सर, मधुमेह, उच्च रक्तचाप, मुटुसम्बन्धी रोग र अन्य धेरै नसर्ने रोग लाग्ने गरेको तथ्यसमेत भेटिएको छ। विश्वमा अहिले पनि एक अर्ब मानिस सुर्तीजन्य वस्तुको सेवनबाट नसर्ने प्रकृतिका जटिल रोग बोकेर बसेकोसमेत गुरौले जानकारी दिनुभयो।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : अप्रत्यसित लाभ |
| वृष | : झमेला बढ्ने | वृश्चिक | : शारिरीक झमेला |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : शत्रुको भय |
| सिंह | : मन चञ्चल | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : मानसिक तनाब | मीन | : सम्मान मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।

## घर जग्गा खरिद बिक्री

तुरुन्त घर जग्गा खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

सम्पर्क :
९८५६०२०९४९
९८०२८५८००५

## बडा मजाको आयुर्वेदिक

१. मोटोपन घटाउन/ बढाउन
२. यौन शक्ति बढाउन/शीघ्र स्खलन रोक्न
३. पेटको सेतो धर्सा हटाउन, योनी टाईट गर्न
४. स्तन घटाउन/ बढाउन/टाइट गर्न
५. कपाल झर्न रोकी पुन: उम्रान
६. अनुहारको चायाँ, पोतो, डण्डिफोर हटाउन
७. जाँडरक्सी चुरोटको कुलत छुटाउन-
८. शरीरको हाइट बढाउन
९. लेडिज/ जेन्स सेक्स टोय पनि पाइन्छ।

सम्पर्क: सिर्जनाचोक, पोखरा
मो. ९८४८७०५९४८, ९८४३६०८५१३


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

यस कम्पनीको मिति २०७७/०९/२९ मा सम्पन्न विशेष साधारण सभाको निर्णयले साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल, अचल सम्पत्ति तथा तिर्नु पर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने, ब्यहोर्ने शर्तमा साविक **बि.जि.सोप इण्डष्ट्रिज एण्ड केमिकल सप्लायर्स प्रा.लि.** को नाम परिवर्तन भई कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७७/१२/०४ को निर्णय बमोजिम **बि.जि. बिल्डर्स प्रा.लि. (प्रा.लि. नं.२१४८८५)** कायम भएको ब्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।


## नि:शुल्क रोजगारउन्मुख सीपमूलक तालिम लिने सु-अवसर!!!

यूरोपियन युनियनको आर्थिक लगानी, ब्रिटिस काउन्सिलको व्यवस्थापन तथा दक्षता परियोजनाको सहयोगमा ब्रिलियण्ट मेनपावर ट्रेनिङ्ग सेन्टर **(BMTC)** बाट प्रवर्द्धित दिगो रोजगारीका लागि पर्यटन क्षेत्रका तालिम **(STSE)** परियोजनाद्वारा गण्डकी प्रदेश, पोखरा, कास्कीमा यस क्षेत्रका स्थानिय सरकार, होटल, रेष्टुरेण्ट तथा पर्यटन संघ-संगठन र व्यवसायीहरु संगको समन्वय र सहकार्यमा **होटल तथा पर्यटन** क्षेत्रमा अप्रेण्टिसिप मोडलमा **नि:शुल्क** सीपमूलक तालिमहरु संचालन गरिने हुँदा तालिम लिई रोजगार हुन ईच्छुक १६ देखि ४० बर्ष उमेरका बेरोजगार युवाहरुलाई **२०७७।१२।२७ सम्म** सम्पर्क गर्न यो सूचना प्रकाशित गरिएको छ।

तालिमका बिषयहरु:

**कुक, वेटर, हाउसकिपिङ्ग र रिसेप्सनिष्ट/क्यासियर**

आवेदनका लागि सम्पर्क:

**दिगो रोजगारीका लागि पर्यटन क्षेत्रका तालिम परियोजना**

| | |
|---|---|
| लेकसाईड-०६, पोखरा, टुकी रिसोर्ट | ९८०३२२४८८९ |
| पृथ्वीचोक-०९, पोखरा, कास्की | ९८१३६८४४१६, ०६१५३५७३८ |
| अमरसिंचोक-१०, पोखरा, कास्की | ९८०६७२२३९९, ०६१-५३१०१७ |

Website: www.bmtc.com.np, Email: bmtc.dakchyata@gmail.com

दक्षता dakchyata TVET PRACTICAL PARTNERSHIP
EUROPEAN UNION
BRITISH COUNCIL

# तनहुँमा सुपरीवेक्षकका लागि १७२ छनोट

**पोखरापत्र संवाददाता**
**दमौली, २६ चैत**

राष्ट्रिय जनगणना २०७८ का लागि तनहुँमा १७२ जना सुपरिवेक्षक छनोट भएका छन् । केन्द्रीय तथ्याङ्क विभागले राष्ट्रिय जनगणनाका लागि सुपरीवेक्षक आह्वान गरेकामा तनहुँका लागि १७२ जना सुपरीवेक्षक छनोट भएका हुन् ।

विभागका अनुसार भानु नगरपालिकाका २३, म्याग्दे गाउँपालिकाका १३, बन्दीपुर गाउँपालिकाका १२, व्यास नगरपालिकाका ४१, शुक्लागण्डकी नगरपालिकाका २४, घिरिङ गाउँपालिकाका १०, आँबुखैरेनी गाउँपालिकाका १५, देवघाट गाउँपालिकाका १२, भीमाद नगरपालिकाका १३, ऋषिङ गाउँपालिकाका नौ जना सुपरीवेक्षकका लागि छनोट भएका हुन् । जनगणनाका तनहुँमा दुई हजार ३४६ ले निवेदन दिएका थिए । विभागले गणकको नतिजा भने सार्वजनिक गरेको छैन। जिल्ला जनगणना अधिकारी नन्दलाल सापकोटाका अनुसार तनहुँमा एक हजार ६२५ महिला, ७१९ पुरुष र दुई अन्य लिङ्गीले निवेदन दिएका थिए। जनगणनाका लागि जिल्लामा ५३५ गणक र १२० सुपरीवेक्षक खटाइनेछ । जिल्लामा तथ्याङ्क सङ्कलन दुई चरणमा सञ्चालन गरिनेछ । पहिलो चरणमा विसं २०७८ वैशाख २६ गतेदेखि जेठ १४ गतेसम्म २० दिन सञ्चालन हुनेछ । उक्त क्रममा सुपरीवेक्षकद्वारा प्रत्येक घर तथा परिवारमा पुगी घर तथा घरपरिवार सूचीकृत फारममार्फत घरसम्बन्धी विवरण, परिवारमा अक्सर बसोबास गरेका महिला तथा पुरुष र अन्य तेस्रो लिङ्गी तथा परिवारको कृषिसम्बन्धी विवरण सङ्कलन गरिनेछ। दोस्रो चरण जेठ २५ देखि असार ८ गतेसम्म १५ दिन सञ्चालन हुनेछ। उक्त क्रममा गणकमार्फत प्रत्येक घरपरिवारमा पुगी प्रश्नावलीमार्फत पारिवारिक विवरण तथा व्यक्तिको जन्म, मृत्यु, बसाइँसराइलगायतका विवरण सङ्कलन गरिनेछ । दोस्रो चरणको गणनाअन्तर्गत नै सबै स्थानीय तहका प्रत्येक वडा कार्यालयबाट वडास्तर सामुदायिक प्रश्नावलीमार्फत वडाको आधारभूत स्रोत साधन, पहुँच, क्षमता, पूर्वाधार र विपद्सम्बन्धी विवरण पनि सङ्कलन गरिनेछ । सोही क्रममा घरपालुवा पशुपक्षीको विवरण पनि सङ्कलन हुनेछ।

जनगणनाबाट वडास्तरसम्मको लैङ्गिक तथा समावेशी तथ्याङ्क प्राप्त हुने भएकाले विकास निर्माणका काम तथा लक्षित वर्गका कार्यक्रम तर्जुमा गर्न तथा नीति र योजना बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ। त्यस्तै बाटोघाटो, पुल, विद्यालय, उद्योगधन्दा, स्वास्थ्य सेवा, खानेपानी, बिजुली, सिँचाइ, खाद्यान्न आपूर्ति, बसोबासको व्यवस्था, विकास बजेटको बाँडफाँट, सामाजिक सुरक्षा कार्यक्रम तर्जुमा र मानव विकास प्रक्रियामा पछाडि परेका समुदायको उत्थानका कार्यक्रम सञ्चालन गर्न तथा संविधानको मौलिक हकलगायत अन्य हकको कार्यान्वयन र मूल्याङ्कन गर्न आवश्यक तथ्याङ्क प्राप्त हुने हुँदा जनगणनाको महत्व रहेको छ।

# फलेवास नगरपालिकाको केन्द्र परिवर्तन गर्ने निर्णय रोक्न सर्वोच्चको आदेश

**पोखरापत्र संवाददाता**
**पर्वत, २६ चैत**

पर्वतको फलेवास नगरपालिकाको केन्द्र परिवर्तन गर्ने निर्णय तत्कालका लागि रोक्का गर्न सर्वोच्च अदालतले आदेश दिएको छ।

नगरपालिका स्थापना भएपछि लामो समय भाडाको घरमा र त्यपछि फलेवास सिँचाइ आयोजनाको कार्यालयबाट सञ्चालन गरिँदै आएको नगरपालिकाको केन्द्र परिवर्तन गर्ने नगर कार्यपालिकाले गते पुसमा निर्णय गरेको थियो।

नगर कार्यपालिकाको बैठकले अहिले सञ्चालनमा रहेको नगरकार्यपालिकाको कार्यालय फलेवास-५ कै झकलकमा सार्ने निर्णय गरेको थियो । उक्त निर्णयविरुद्ध परेको रिटमा बुधबार न्यायाधीश पुरुषोत्तम भण्डारीको एकल इजलासले उक्त निर्णयलाई रोक्का गर्न आदेश दिएको हो । नगर प्रमुखसहितको बैठकले स्थान परिवर्तनसहित प्रमुख प्रशासकीय भवन निर्माण गर्ने निर्णय गरेपछि उपप्रमुख मन्जु अधिकारीले सर्वोच्च अदालतमा रिट दायर गर्नुभएको थियो । अहिलेको कार्यालय खानीगाउँकै पिप्लेमा रहेको फलेवास सिँचाइ आयोजनाको कार्यालयमा रहेको छ । नयाँ स्थानान्तरण हुने झकलक झण्डै एक किलोमिटरको दूरीमा रहेको छ । झकलकमा ६० दशमलव आठ रोपनी जग्गा उपलब्ध भएको छ। उक्त जग्गामध्ये अधिकांश स्थानीयवासीले नगरपालिकालाई अनुदानस्वरूप दिएका हुन्। जम्मा तीन रोपनी क्षेत्रफलमा रहेको सिँचाइको भवनमा कार्यालय सञ्चालन गर्न समस्या भएको र आफ्नो स्वामित्वमा नभएका कारण अन्य भौतिक पूर्वाधारसमेत थप गर्न कठिनाइ भएपछि नयाँ स्थानमा केन्द्र र प्रशासनिक भवन निर्माण गर्ने निर्णय भएको नगरप्रमुख शर्माले जानकारी दिनुभयो।

उहाँका अनुसार सर्वोच्चको आदेशसँगै तत्काललाई परिवर्तनको प्रक्रिया रोकिएको र नयाँ कार्ययोजनाका साथ अघि बढ्ने बताउनुभयो । उहाँका अनुसार नगरपालिकाको मुख्य प्रशासनिक भवन, विषयगत शाखाका भवनसहित बजार क्षेत्रको विस्तारलगायत नगरपालिकाको केन्द्रका लागि आवश्यक पूर्वाधार झकलकमा निर्माण कार्य अघि बढाइने योजना रहेको थियो। मुख्य प्रशानिक भवन निर्माणको काम चालु आर्थिक वर्षभित्रै शुरु गरिने योजना कार्यपालिकाको थियो भने भवन निर्माणका लागि बोलपत्रसमेत आह्वान भइसेकेको थियो । नगरपालिकाको केन्द्र साविकको ठाउँबाट अन्यत्र लैजानबारेमा अहिले भइरहेको कार्यालय वरिपरिका बासिन्दाले भने विरोध गरिरहेका थिए । उनीहरुले गएको असारमा नगरपालिका घेराउसमेत गर्दै भइराखेको स्थानमा कायम गर्न माग गरेका थिए । केन्द्र स्थानान्तरणको निर्णयमा नगर उपप्रमुख मन्जु अधिकारीले भने असहमति जनाउँदै आउनुभएको थियो । उहाँले आवश्यक छलफल र तयारीबिनै सार्न लागिएको भन्दै निर्णयमा असहमति जनाउनुभएको थियो।

# पत्रकार महासंघ लमजुङको अध्यक्षमा अधिकारी

**पोखरापत्र संवाददाता**
**लमजुङ, २६ चैत**

नेपाल पत्रकार महासङ्घ लमजुङ शाखाको अध्यक्षमा परमेश्वर अधिकारी निर्वाचित हुनुभएको छ । बुधबार भएको पत्रकार महासङ्घको निर्वाचनमा महासङ्घ लमजुङमा प्रेस युनियन र प्रेस सङ्गठन प्यानलका अधिकारी तीन मतले विजयी हुनुभएका हो।

नवनिर्वाचित अध्यक्ष अधिकारीले २९ मत ल्याउनुभएको थियो भने प्रेस चौतारीबाट अध्यक्षका उम्मेदवार आश गुरुङले गुरुङले २६ मत ल्याउनुभयो। त्यस्तै उपाध्यक्षमा भने प्रेस चौतारीका अनुज अधिकारी २९ मतसहित विजयी हुनुभएको छ । उहाँका प्रतिस्पर्धी युनियनका सन्देश पौडेलले २६ मतसहित पराजित हुनुभएको छ । महिला उपाध्यक्षमा युनियन-सङ्गठन प्यानलकी शान्ता कमली ३१ मतसहित विजयी हुँदा प्रेस चौतारीबाट बेलिना थापाले २४ मत प्राप्त गर्नुभएको थियो। सचिवमा युनियनका रुद्रहरि ढकाल ३० मतसहित विजयी हुँदा चौतारीका सरोज विकले २५ प्राप्त गर्नुभएको थियो । त्यस्तै समावेशी सहसचिवमा श्यामशीतल परियार, खुला सहसचिवमा युनियन-सङ्गठन प्यानलकै घनबहादुर घिमिरे (जिवी), आदिवासी जनजाति सदस्यमा युनियन-सङ्गठनकै भरत राना विजयी हुनुभएको छ । खुला सदस्यमा अजितजङ्ग थापा, नीरज अधिकारी, दीपेन्द्र रेग्मी, ऋषिराम अधिकारी र सुजन बानियाँ विजयी भएका छन् । त्यसैगरी केन्द्रीय परिषद् सदस्यमा युनियन-सङ्गठन प्यानलकै सन्तोष पौडेल ३० मत ल्याएर जित हासिल गर्नुभएको छ । यसअघि कोषाध्यक्षमा युनियन-सङ्गठनका रवीन्द्र लामिछाने, महिला सदस्यमा सिर्जना बराल र चौतारीका दलित सदस्यमा डिबी मजाकोटी निर्विरोध चयन भएका थिए। प्रदेश प्रनितिधिमा कृष्ण आले, विमला अधिकारी, कृष्ण अधिकारी र युवराज श्रेष्ठ पनि निर्विरोध चयन भएका छन्।

# ज्यामरुककोटमा केरा र तरकारी खेती

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २६ चैत**


म्याग्दीको ज्यामरुककोटका किसान केरा र तरकारी खेतीतर्फ आकर्षित भएका छन् । अन्य बाली निर्वाहमुखीमात्र भएपछि बेनी नगरपालिका-२ ज्यामरुककोटका किसान केरा र तरकारी खेतीतर्फ आकर्षित भएका हुन् ।

धान, मकै, गहुँलगायतका अन्नबाली उत्पादन हुने जग्गामा बेनी नगरपालिका- २ ज्यामरुककोटको खबरा र बगरफाँटका तीन दर्जन भन्दा बढी किसानले अन्नबाली हुने जमीन केरा र तरकारी उत्पादनमा उपयोग गर्न थालेका छन ।

खबराका किसान चन्द्रबहादुर कार्कीले केरा र तरकारी खेती शुरु गरेपछि वार्षिक रु १२ लाखसम्म आम्दानी गर्न थालेको बताउनुभयो। अन्नबालीको तुलनामा केरा र तरकारी खेतीबाट तीन गुना बढी फाइदा हुने कार्कीको भनाइ छ । उहाँले करीब चार रोपनी क्षेत्रफलमा २०० बोट केरा लगाउनुभएको छ भने पाँच रोपनी जग्गामा तरकारीखेती गर्नुभएको छ। बजारमा तरकारी र केराको माग उच्च रहेकाले आफ्नो उत्पादनले राम्रो बजार पाएको उहाँको भनाइ छ। खबराकै अर्का किसान शोभित शर्मा (सापकोटा) ले पनि आठ रोपनी जग्गामा तरकारी र केराखेती गर्नुभएको छ। केरा र तरकारी बेचेर वार्षिक रु आठ लाख भन्दा बढी कमाइ गर्दै आउनुभएका शर्माले गत वर्षदेखि विभिन्न प्रजातिका फलफूल समेत लगाउनुभएको छ । आठ वर्षदेखि तरकारी खेती शुरु गर्नुभएका सापकोटाले यस वर्ष केराका सय बोट थपेर ७०० बोट केरा लगाउने योजना बनाउनुभएको छ। “राम्रो स्याहार संरक्षण गरेपछि एक घरी केराबाट तीन हजारसम्म कमाइ गर्न सकिन्छ”, किसान शर्माले भन्नुभयो।

बगरफाँटका खिमबहादुर कार्की, दुर्गाबहादुर थापा, बेदप्रसाद उपाध्यायलगायतका किसानले पनि धान फल्ने खेतमा केरा खेती गर्नुभएको छ । यहाँका किसानले ५० मुरी धान उत्पादन हुने खेतभरि अहिले केरा र तरकारी खेती लगाएर हरियाली बनाएका छन् । केरा बालीभित्र घुसुवा बाली (अदुवा,बेसार) समेत लगाएर यहाँका किसानले दोहोरा आम्दानी गरिरहेका कृषि प्राविधिकले बताएका छन्।

## हार्दिक समवेदना



जन्म
२०२५/११/१४ गते

स्वर्गारोहण
२०७७/१२/२२ गते

**स्व. भिमबहादुर गुरुङ**

यस महालक्ष्मी आर्थिक सहकारी संस्था लिं. पोखरा-९, नयाँबजारका शेयर सदस्य भिमबहादुर गुरुङको ५२ वर्षको उमेरमा भएको असामयिक निधनले हामी अत्यन्तै मर्माहत भएका छौं । यस दुखद घडिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै सोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

अध्यक्ष तथा
**महालक्ष्मी आर्थिक सहकारी संस्था लि. परिवार**
नयाँबजार, पोखरा-९, कास्की

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. १३ विजयपुरमा आमिता भ गुम्बामा स्तुपा निर्माण गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नाम : आमिता भ गुम्बामा स्तुपा निर्माण**
**स्थानः पोमनपा वडा नं. १३ विजयपुर**
**योजना सम्झौता मिति : २०७७/१२/१२ गते**
**योजना सम्पन्न हुने मिति : २०७८/०२/२५ गते**
**योजनाको कुल लागत : रु. ३,१५,०००।–**
**महानगरपालिकाबाट प्राप्त रकम : रु. ३,००,०००।–**
**जन सहभागितावाट : रु. १५,०००।–**
**खर्च भएको रकमः रु.३,५२,९६३।–**
**उपभोक्ता समितिः**
**अध्यक्षः तिर्थ बहादुर तामाङ लामा**
**जम्मा सदस्य संख्याः ९ जना**

**आमिता भ गुम्बामा स्तुपा निर्माण उपभोक्ता समिति**
**पोखरा -१३ विजयपुर**

## महासंघ म्याग्दी शाखाको अध्यक्षमा प्रकाश पौडेल

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २६ चैत**

महासङ्घ म्याग्दी शाखाको अध्यक्षमा प्रकाश पौडेल निर्वाचित हुनुभएको छ।

बिहीबार बिहान सम्पन्न मतगणनाको नतिजा अनुसार ३० मत ल्याएर पौडेल अध्यक्षमा निर्वाचित हुनुभएको हो । उहाँका प्रतिस्पर्धी ठाकुरप्रसाद आचार्य (शिव)ले २७ मत प्राप्त गर्नुभयो। बुधबार भएको मतदानमा ६२ मतदातामध्ये ५८ मत खसेकोमा एक मत खाली परेको थियो। उपाध्यक्षमा हरि कृष्ण गौतमले (२९), महिला उपाध्यक्षमा रुद्रकुमारी खत्रीले (३०), सचिवमा सन्तोष गौतम (२९), कोषाध्यक्षमा अमित विश्वकर्मा (३०), सहसचिवमा प्रमोद शर्मा (३२), समावेशी सहसचिवमा साधन घर्ती राम्जालीले (२९ मत) प्राप्त गरी विजयी हुनुभएको छ।

**Government of Nepal**
**Ministry of Agriculture and Livestock Development**
**Department of Livestock Services**
**National Livestock Breeding Office**
**Pokhara, Kaski**

## Invitation for Bids

IFB No: NLBO/077-78/11
(Date of publication: 2077/12/27)

1. **National Livestock Breeding Office,** Pokhara, Kaski invites bids for SQ Contracts under Hard Copy system from eligible bidders with Voucher of Bid Fee from the bank-maintained details for the Procurement/Construction of VariousProjects as below;

| IFB No. | Contract ID No. | Description and location of work | Bid Document Fee (NRs) | Bid Security Amount (NRs) | Estimate Amount Without VAT and PS (NRs.) | Bid Security Validity Period |
|---|---|---|---|---|---|---|
| NLBO/W/SQ/077-78/11.1 | NLBO/W/SQ/077-78/27 | Construction of Labor Quarter (Extension), NLBO | 1000 | 26000 | 9,00,416.00 | 75 days |
| NLBO/W/SQ/077-78/11.2 | NLBO/W/SQ/077-78/28 | Construction of Buck Shed (Extension), NLBO | 1000 | 44000 | 14,56,936.00 | 75 days |

1. **Purchase, Submission and Opening:**

| Contract | Pre-Bid Meeting | | Purchase of Bid | | Submission of Bid | | Opening of Bid | |
|---|---|---|---|---|---|---|---|---|
| | Date | Time | Date | Time | Date | Time | Date | Time |
| For SQ | NA | NA | Till 2021 April 23 | From Bank Within Bank Hours | Till 2021 April 25 | Till 12:00 | 2021 April 25 | 13:00 |

| Bank Name | Name of Office | Revenue Account No. | Deposit Account No. |
|---|---|---|---|
| Rastriya Banijya Bank, Prithivi Chowk Branch, Kaski | National Livestock Breeding, Office, Pokhara, Kaski Contact: 061-505389 (www.nlbo.gov.np) email:nlbc.pokhara@gmail.com Office Code: 312023902 | Acc. No. 1000200010000 Revenue Code: 14229 | 3020100102030000 (Ko.Le.Ni.Ka.Kaski) |

2. Tender Procedures shall follow Public Procurement Act (1st Amendment, 2073) and Public Procurement Regulation (10th Amendment,2076).
3. Bidders shall purchase the bidding documents with Bank voucher and submit their bids. Bidders should deposit the equivalent fee for bidding document in the above Revenue Account within the date and time specified above.
4. A new firm established by any person or manager of a firm or company that is blacklisted according to PPA will be ineligible to submitbids.

**NLBO, Chief**